# राष्ट्रिय बृहत आर्थिक बहसमा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठको धन्यवाद मन्तव्य

मिति २०८२ कार्तिक २२ शनिवार

- कार्यक्रमका अध्यक्षज्यू
- प्रमुख अतिथी सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यू,
- माननीय अर्थ , संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रामेश्वर प्रसाद खनालज्यू,
- ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, र सहरी विकास मन्त्री  कुलमान घिसिङज्यू,
- गृह मन्त्री ओम प्रकाश अर्यालज्यू,
- उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय मामिला, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री अनिलकुमार सिन्हाज्यू,
- मुख्य सचिव एकनारायण अर्यालज्यू
- नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्व पौडेलज्यू
- विभिन्न मन्त्रालयका सचिवज्यूहरु
- नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेज्यू
- नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश कुमार अग्रवालज्यू
- महासंघका पूर्व अध्यक्ष, उपाध्यक्षज्यूहरु
- नेपालका लागि विभिन्न देशका महामहीम राजदुतज्यूहरु
- विभिन्न विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधीज्युहरु
- यहाँ उपस्थित निजी क्षेत्रका अग्रणी व्यक्तित्वहरु, विज्ञ महानुभावहरु, सञ्चारकर्मी मित्रहरु तथा उपस्थित अन्य महानुभावहरू

नेपालको पछिल्लो राजनीतिक घटनाक्रम पछि नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको “राष्ट्रिय बृहत आर्थिक बहस” कार्यक्रममा सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीज्यूहरू सहित अन्य उपस्थित सम्पूर्ण महानुभावहरूको सक्रिय सहभागिता र मूल्यवान् विचार-सुझावका लागि महासंघको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

युवा पुस्ताको आन्दोलन पछि धेरै छलफल र वहस भैरहेका छन् । आज पनि हामीले निजी क्षेत्र र सरकारका बीच सहकार्यका कुरा गर्‍यौ । समृद्धि र स्थायित्वका कुरा गर्‍यौ ।

मुलुकको हालको असन्तुष्टी, वास्तवमा सम्पत्ति निर्माण गर्न नसक्नुको परिणाम हो । मुलुकको सम्पत्ति निजी क्षेत्रले निर्माण गर्छ भन्ने वास्तविकता बुझ्न नसक्नुको परिणाम हो । निजी क्षेत्र संकुचित हुँदा रोजगारी प्रदान गर्न सकेको छैन । विदेशको जस्तो ज्याला दिन सकिएको छैन ।

उत्पादन बढाउन उद्योगीहरुले भोग्नु परेको निराशाले पनि रोजगारमुलक क्षेत्र संकुचित हुँदै गएको छ । अर्थतन्त्रमा कुल गार्हस्थ्य उत्पादनको हिस्सा तीन बर्षमा एक प्रतिशत विन्दुले घटेको छ ।

उद्यमीले उत्पादन गर्न नपाउँदा थप रोजगारीको अवसर दिन सकेन । सरकारी नीतिमा हुने बारम्बारको परिवर्तन, शुसासनको अभावले उद्योगीले काम गर्न सकेनन ।

निजी क्षेत्रप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुन सकेन । नाफालाई हामीले सधैं नकारात्मक रुपमा लियौं । उद्यमी व्यवसायीलाई अपराधीका रुपमा हेरिन्छ । तर निजी क्षेत्रले नाफा नभइ लगानी गर्न सक्दैन । लगानी नभइ मुलुकको सम्पत्ति बढदैन । निजी क्षेत्र बाहेक कसैले पनि देशको सम्पत्ति निर्माण गर्न सक्दैन ।

सम्पत्ति निर्माण नहुँदा सरकारको राजश्व पनि बढन सकेन । अनि सामाजिक क्षेत्रमा लगानी हुन सकेन । भएको लगानी पनि पहुचवालाले लिइ दिएर लक्षित वर्गसम्म पुग्दै पुगेन । रोजगारी उत्पादन र उत्पादकत्वमा प्रगती नहुंदा हामी छिमेकीका लागि बजार मात्रै भयौ ।

सतहमा यो हुने र नहुनेबीचको द्वन्द देखिएको छ । तर यस भित्रको कथा भनेको युवाहरु काम गर्न चाहन्छन । स्वरोजगार गर्न चाहन्छन त्यसका लागि अवसर नपाएर आएको निराशा हो । केही वर्गले अवसर पाउने र धेरैले अवसर नपाउँदाको असन्तुष्टि हो ।

अब सबै मिलेर नया अवसरको खोजी नगरि चल्दैन । जेनजी आन्दोलनका क्रममा भएको घुसपैठ र त्यसपछिको आक्रमणको घटनाले हाम्रो समाज र अर्थतन्त्र दुवैमा असुरक्षा र अनिश्चितताको भावना बढ्दै गएको छ । यो अनिश्चियलाई हटाउँदै वातावरण सहज बनाउनु पर्दछ ।

युवाहरुको चाहना आत्मसाथ गरि मुलुकमा शुसासन, समृद्धि रोजगारी र स्वरोजगारीको अवसर फैलाउने अवसर एकातिर छ भने सहमति, सहकार्य र सुझबुझसंग अगाडि बढन सकेनौ भने दुर्घटनाको खतरा पनि त्यत्तिकै छ ।

औद्योगिक सुरक्षा र स्थायित्वका लागि कानुनी राज्यको प्रत्याभूति दिलाउनु आवश्यक छ । महासंघको आग्रहमा गृह मन्त्रालय सबै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गर्दै सुरक्षा समितिमा उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिलाई समावेश गर्ने निर्णय गरेको छ । यसका लागि हामी सरकारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छौ किनभने आज शान्ति सुरक्षा सबैभन्दा ठूलो बिषय हो । शान्ति सुरक्षा बिना उद्योग व्यवसाय चल्न सक्दैनन्, उद्योग व्यवसाय चल्न सकेन अर्थतन्त्र चलायमान हुन सक्दैन भने राजश्व उठन सक्दैन र अन्त्यमा सरकार चल्न पनि कठीन हुन्छ ।

हामीले धेरै राजनीतिक परिवर्तन गर्यौ । निजी लगानी आउन सक्ने वातावरण तयार पार्न नीतिगत प्रष्टता र स्थायित्व दिन सकेनौ । उदाहरणका लागि समाजवाद उन्मुख अर्थतन्त्र भन्ने बिषयले विशेषगरि विदेशी लगानीकर्तालाई ससंकित बनाएको छ । राजनीतिक परिवर्तनलाई सर्वसाधारणको जिविकासम्म पुर्याउन उहाँहरुको जीवनमा परिवर्तन महसुस हुनुपर्छ । व्यवस्था परिवर्तन भएपनि अवस्था परिवर्तन भएन । परिवर्तनलाई संस्थागत गर्न सकिएन ।

अब हामीले स्थायित्वका लागि काम गर्नुपर्छ । समयमा निर्वाचन हुने सुनिश्चितता आवश्यक छ । त्यसको लागि हामी सबैले सबै तहबाट समन्वय र सहकार्य गर्नुपर्छ । सम्वेदनशील समयमा हामी सबै सम्वेदनशील बन्नुपर्छ । शुसासन, समयमा निर्वाचन, स्थायित्व र बिकासका लागि हामी सबै एकजुट हुनुपर्छ ।

अन्त्यमा पुनः एकपटक यति धेरै व्यस्तताका वावजुत हाम्रो यस कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक आभार र धन्यवाद दिन चाहन्छु । माननीय मन्त्रीज्यूहरु, मुख्य सचिवज्यू, गभर्नरज्यू, सचिवज्यू लगायत उच्च पदस्थ अधिकारीज्यूहरुमा विशेष धन्यवाद । नेपाल उद्योग परिसंघ, चेम्बर अफ कमर्श लगायत छाता संस्थाका अध्यक्ष एवं पदाधिकारीज्यूहरुलाई यहाँको उपसिथितिका लागि आभार व्यक्त गर्दछु ।

बिकास साझेदारका प्रतिनिधिज्यूहरु, महासंघका सदस्यज्यूहरु उद्यमी व्यवसायी एवं पत्रकार साथीहरुलाई पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु । यसपछि हाइटी मा सरिक भैदिन हुन पनि अनुरोध गर्दै मेरो भनाइ यही अन्त्य गर्दछु र अध्यक्षज्यूको आज्ञाले आजको कार्यक्रम पनि यही समापन भएको जानकारी गराउँदछु ।